'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ३१ बुधबार ०९ असोज, २०८१ 25 (Wednesday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### स्याउको साम्राज्य जुम्ला
## ९ सय हेक्टरमा खेती, ५२ करोडको स्याउ निर्यात

• नमस्ते समचारदाता
जुम्ला, असोज/०८



जुम्लाबाट यो वर्ष ५२ करोड बढीको स्याउ निर्यात भएको छ। यो वर्ष हालसम्म जुम्लाबाट ५२ करोड बढीको स्याउ निर्यात भएको हो। जुम्लामा एक नगरपालिका र ७ गाउँपालिका छन् । जिल्लाभर स्याउ खेती हुने गरेको छ। जुम्लामा वर्षेनी स्याउ उत्पादन बढिरहेको छ । 'हाल सम्म १० हजार ५ सय मेट्रिक टन स्याउ निर्यात भइसकेको छ, यसबाट जुम्लामा करिब ५२ करोड बराबर आम्दानी भएको छ, लेकाली क्षेत्रको स्याउ निर्यात भइरहेकोले यो तथ्यांकको ग्राफ बढ्ने देखिन्छ,' जुम्लामा वर्षेनी स्याउको क्षेत्रफल विस्तार भइरहेको छ। जिल्लाका आठै स्थानीय तहमा स्याउ फल्छ। जुम्लामा कुल स्याउ उत्पादनको तथ्यांक संकलन भइरहेको जिल्ला कृषि विकास कार्यालय जुम्लाले जनाएको छ। हाल यहाँ गोल्डेन, गाला, इटाली, स्पर, फुजी जातका स्याउ फलिरहेका छन्। जिल्लाभर गरि १३ लाख १९ हजार ४ सय स्याउका विरुवा छन् । जुम्लामा तीन हजार ९ सय हेक्टरमा स्याउ खेतीहुने गरेको छ। जसमध्ये करिब दुई हजार आठसय हेक्टरमा मात्र स्याउ उत्पादन हुन्छ। गरेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालकराम देवकोटाका अनुसार जिल्लामा १६ हजार घरधुरी स्याउ खेतीमा संलग्न रहेकाछन्। गतवर्ष भन्दा यो वर्ष २० प्रतिशतले जिल्लामा स्याउ कम उत्पादन भएको छ। १५ हजार मेट्रिकटन स्याउ उत्पादन हुने अनुमान कार्यालयले गरेको छ। करिब यहाँको अनुमानित ११ हजार मेट्रिकटन स्याउ बाहिरी जिल्लामा जाने गरेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख देवकोटाले बताए। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, जुम्लाका अनुसार जिल्लाभर अहिले सम्म ५२ हेक्टर क्षेत्रफलमा उक्त स्याउको खेती हुने गरेको छ। उत्पादनसिल क्षेत्रफल करिब २८ हेक्टर रहेको छ। जम्मा उत्पादन चार सय ४८ मेट्रिकटन हुने गरेको छ। उत्पादकत्व १६ मेट्रिकटन हेक्टरमा हुने गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, जुम्लाका निमित्त बरिष्ठ कृषि अधिकृत खेमराज शाहीले जानकारी दिए। जिल्लामा उच्च घनत्व स्याउको जात अन्तर्गत फुजी, गाला, गोल्डन, डैली सियस, रैडडैली सियस, किंगरेडडेली सियस, फुजीकिकु, ग्रिनस्मीथ र रेडचिफ जातका स्याउ पाइने गरेको परियोजना कार्यान्वयन इकाई, जुम्लाले जनाएको छ।

## बाँकेमा ६ महिनामा १६ जना सर्पदंशका बिरामीको मृत्यु

• नमस्ते समचारदाता
बाँके, असोज/०८



बाँकेमा ६ महिनामा १६ जना सर्पदंशका बिरामीको मृत्यु भएको छ । विगत बैशाखदेखि असोजसम्म उपचार नपाएर १६ जनाको मृत्यु भएको हो। उपचार का लागि समयमै अस्पताल नआउँदा सर्पदंशका बिरामीको अकालमै मृत्यु हुने गरेको छ। बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालमा यस वर्ष समयमै उपचार नपाएका सर्पदंशका १६ बिरामीको मृत्यु भएको छ। यसवर्ष वैशाखदेखि हालसम्म अस्पताल आउँदाआउँदै र उपचारकै क्रममा सर्पदंशका १६ बिरामीको ज्यान गएको अस्पतालका एनेस्थेसियोलोजिष्ट डा पारस पाण्डेले जानकारी दिए। समयमै सर्पले टोकेको थाहा नपाउँदा अस्पताल ल्याउन ढिलाइ भएका कारण उपचार नपाउँदा उनीहरूको मृत्यु भएको डा पाण्डेको भनाइ छ। पश्चिम नेपालका विभिन्न जिल्लाबाट प्रेषण भएका बिरामीको उपचार गर्दै आएको भेरी अस्पतालले यस वर्ष विषालु सर्पले टोकेका १२० जनाभन्दा बढी बिरामीको उपचार गरेको छ। यस वर्ष वैशाखदेखि हालसम्म विषालु सर्पले टोकेका विभिन्न जिल्लाबाट आएका १२० जनाभन्दा बढी बिरामीको भेरी अस्पतालमा उपचार भएको अस्पतालका एनेस्थेसियोलोजिष्ट डा पाण्डेले जानकारी दिए। सर्पदंशको उपचार हुने नेपालगञ्ज स्थित भेरी अस्पतालमा सर्पले टोकेका बिरामीको चाप पछिल्लो समय बढेको छ। कहिलेकाहीँ सर्पदंशका बिरामीले नै अस्पतालको आकस्मिक कक्ष र आईसीयू वार्ड भरिने गरेको भेरी अस्पतालका सूचना अधिकारी डा सङ्केतकुमार रिसालले बताए। उनका अनुसार भेरी अस्पतालमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लास्थित अस्पतालबाट सर्पदंशका बिरामी प्रेषण भएर आउने गरेका छन्। सर्पदंशका बिरामीलाई समयमै अस्पताल ल्याउन सके बिरामीको ज्यान जोगाउन सकिने भएकाले झारफुक तथा गाउँभरको परम्परागत उपचार विधिमा नलाग्न उनको आग्रह छ।

## वीरेन्द्रनगरमा 'हेलो सुत्केरी आमा' कार्यक्रम

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०८



गर्भवती तथा सुत्केरीलाई घरबाटै स्वास्थ्य सेवा दिन सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले 'हेलो गर्भवती आमा' कार्यक्रम सुरु गरेको छ। यो कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरीलाई दक्ष स्वास्थ्यकर्मीद्वारा फोनमार्फत आवश्यक सल्लाह, सुझाव र परामर्श दिइने मेयर मोहनमाया ढकालले बताइन् । कार्यक्रमले पहिलो पटक आमा बन्न लागेका महिलालाई आत्मबल दिने मेयर ढकालको भनाइ छ । 'पहिलो पटक गर्भवती हुँदा महिलाहरूमा धेरै दुविधा हुन्छ । मनमा धेरै प्रकारका खुल्दुली हुन्छन्', उनले भनिन्, 'दक्ष स्वास्थ्यकर्मीहरुले आमाहरूमा देखिएको खुल्दुली मेटाउनुहुनेछ। आमाहरूलाई आत्मबल बढाउने काम गर्नुहुनेछ।' गर्भवती अवस्थामा गर्नुपर्ने नियमित स्वास्थ्य जाँचबाट छुट्न सक्ने सम्भावित महिलाको बच्चाको स्वास्थ्यमा समस्या नहोस् भन्ने हेतुले 'हेलो गर्भवती आमा' कार्यक्रम मार्फत उनीहरूलाई सम्पर्क गरिने मेयर ढकालको भनाइ छ । नगरपालिकाले यसअघि चार पटकसम्म गरिने गर्भवती जाँचमा आउने महिलालाई प्रोत्साहन स्वरूप १ हजार र निःशुल्क एम्बुलेन्स सेवा दिँदै आएको थियो। तर, सरकारी नियम अनुसार हाल गर्भावस्थामा आठ पटक स्वास्थ्य जाँच गर्नुपर्नेमा अधिकांश गर्भवती नआएपछि नयाँ कार्यक्रम सुरु गरिएको नगरपालिकाले जनाएको छ। यो कार्यक्रमबाट आर्थिक रूपमा विपन्न महिलाले आवश्यकताका आधारमा घरबाटै सेवा लिन सहज हुने अपेक्षा राखेको मेयर ढकालले बताइन् । हेलो गर्भवती आमा' कार्यक्रम सोमबार वीरेन्द्रनगर-२ स्थित शहरी स्वास्थ्य केन्द्र दौलतपुरबाट सेवारम्भ गरिएको छ। यो सेवा अब वीरेन्द्रनगरका १६ वटै वडाका स्वास्थ्य केन्द्रमा पनि सुरु हुनेछ। १६ वटै वडामा रहेका गर्भवतीको पूर्ण विवरण स्वास्थ्य स्वयंसेविकाको माध्यमबाट स्वास्थ्य केन्द्रहरूमा राखिएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# सपना समाजवादको !

सरोज दिलु

मार्क्सले भौतिक वस्तु र उत्प्रेरणा प्राप्तिका लागि मरिमेट्ने र समाजका अधिकारहरूलाई कब्जा गरेर राज्य सञ्चालनमा खास वर्गको प्रतिनिधित्व रहने कुरालाई 'पूँजीवाद' भनेका छन् । त्यसको ठिक विपरीत अभौतिक कुरा र एक अर्काको सहअस्तित्व एवं आवश्यकतालाई सामूहिक रूपमा परिपूर्ति गर्ने साथै समाजका अधिकार लाई समाजमा रहेका श्रमजीवी वर्गलाई उपलब्ध गराउने तवरले तिनै वर्गका प्रतिनिधिहरूको राज्य निर्माण गर्नु 'समाजवाद' हो भनेर मान्नुपर्छ । खासमा 'समाजवाद' भनेको नेपाली समाजमा रहेको असमानता, गरिबी, विभेद, पछ्यौटेपन, बेराजगारी कुशासन, अशिक्षा, सामाजिक हिंसा, रोग, शोक र भोकको अवस्थाबाट नागरिकलाई मुक्त बनाउनु वा सबैलाई सम्पन्न र समृद्ध बनाउनु नै हो । जसका लागि एकआपसमा सहिष्णुता, सहकार्य, समन्वय, सद्भाव, सहयात्रा र सत्ता साझेदारीको राज्य व्यवस्था हो ।

समाजवादी सपना र भ्रम : हामी समाजवाद त भन्दैछौं, लेख्दैछौं पनि । तर कहाँबाट सुरु हुन्छ यो समाजवाद ? कुन कुन पाटपुर्जा चाहिन्छ समाजवाद निर्माण गर्न ? समाजवाद हिँड्ने बाटो कस्तो चाहिएला ? गहिरो अन्दाज गरेका छौं ? २०४६ पछि भोलि नै साम्यवाद आउँछ, हाम्रा समस्याहरू फू-मन्तर गरेजस्तो सबै समाधान हुन्छन्, रातारात समृद्ध हुन्छौं भनियो । कान नछामी कागतिर दौडियौं । माओवादी जनयुद्धले सबै सामन्त बढारेर लान्छ, भ्रष्टाचार खत्तम हुन्छ, नेपाल सिंगापुर र स्विजरल्याण्ड बन्छ भनियो । खै के के भए ? संघीयताले गाउँघरमा सिंहदरबार पुग्नेछ, समावेशी राज्य हुनेछ भनियो । खै ? कहाँ ? अहिले फेरि समाजवाद भन्ने अर्को स्वर्ग देखाइँदैछ । जुन समाजवाद चीन, क्युवा र भियतनाममा केही आशालाग्दो देखिन्छ । दक्षिण अमेरिकी मुलुकहरूमै क्रमशः समाजवाद भत्कँदै गएको छ, पूँजीवाद सँगै हारेको अवस्था छ । तर हाम्रा नेताहरू के बुझेर के बोल्छन् ? अचम्म छ । राज्यको यही स्वरूप, समाजको वर्तमान संरचना र शासकीय स्वरूपमा हामी समाजवादको परिकल्पनासम्म गर्न सक्दैनौं । जबकि पुँजीपति, दलाल, विचौलिया र जडशुत्रवादी कर्मचारीतन्त्र रहेको अधिसंरचना नभत्काएसम्म यो सम्भव छैन । दासता, हैकमवाद, जातीय, लिंगीय र वर्गीय तथा गरिबी र अभावको चरम पीडा अनि विभेद र हिंसालाई जबसम्म खत्तम गर्न सकिन्न, तबसम्म सम्भव हुँदैन । समाजवाद आधार निर्माण गर्ने कुरामा कुनै पार्टी तयार छैनन् भने यो कसरी सम्भव हुन्छ ? हो, हामीले समाजवादउन्मुख संविधान त निर्माण गर्‍यौं तर संविधानका सैद्धान्तिक पक्षलाई व्यवहारमा बदल्न तयार भएनौं । मार्क्सले सिद्धान्त र दर्शनको ज्ञानभन्दा संसार बदल्ने कुरा अहं हो भने । तर हामी भने स्वयं बदलिने कुरामै शंका छ, राजी हुनै सकेनौं । वर्तमान स्वरूप र संरचनाको निर्माणमा हामी पहिलेदेखि नै चुकेका छौं । संविधान सभाबाट बनाएको संविधानले निर्दिष्ट गरेका कार्यभारहरूलाई नै अगाडि बढाउन सकिरहेका छैनौं भने कसरी सम्भव छ समाजवाद ? यसकारण समाजवाद असम्भव किनकि आफैं बदलिएका छैनौं : मार्क्सले भनेका छन् दार्शनिकहरूले विश्वलाई विभिन्न तरिकाले विश्लेषण गरे पनि मुख्यकुरा चैं बदल्नु हो । बदल्न सर्वप्रथम आफैं बदलिनु पर्छ । तर खै को तयार छ बदलिन ? नेपालको राजनीतिमा मार्क्स र लेनिन वा एंगेल्सका सिद्धान्त र विचारको रटान-पठान गर्नेहरू नै बदलिएनन् । भाषण गरेर मख्ख पार्दै भोट तान्ने प्रजातान्त्रिक र बामपन्थी नेताहरू राजनीतिक र सामाजिक रूपान्तरणमा लागि परेको खै ? वरु पुँजीवादी देशहरूको उत्पादनबाट आनन्द लिने र नगदानगदी फाइदा हुने कार्यक्रम उनीहरूको प्राथमिकतामा हुन्छ । स्वदेशमा उत्पादन बढाएर आत्मनिर्भर हुने बाटो खै कुन पार्टीले प्राथमिकतामा राखेका छन् । एमालेले आफ्नो गाउँ, आफैं बनाऔंजस्ता केही कार्यक्रम ल्याएर जनमुखी बन्न खोज्यो तर त्यसलाई निरन्तरता दिएको र अझ नयाँ जनयोजना ल्याएको खै ?




पुँजीवादको रहरलाग्दो आकर्षण : छातीमा राष्ट्रियता बोकेर यही देशमा मर्न पाऊँ भन्नेहरू समेत आज विदेश पलायन हुन बाध्य भेटिन्छन् । आधारभूत शिक्षा पार गर्नासाथ उनकै सन्तान युरोप-अमेरिका-अस्ट्रेलिया र क्यानडाको सपना बुन्छन् । मुलुक बनाएर मुलुकमै बस्छु भन्ने त भेटिने सम्भावना देखिँदैन त । योभन्दा बिडम्वना के होला ? युरोप र एसियाका केही विकसित मुलुकलाई हेर्दा त्यहाँ पुँजीवादले नै पूरा गर्दै लगेका छन् । तिनै पुँजीवादी मुलुकले सबैलाई अवसर दिँदैछ । शिक्षा, स्वास्थ्य र बाँच्ने अधिकारको ग्यारेन्टी गरेको देखिन्छ । पुँजीपति वर्गसँगको सामिप्यता : अहिले मुलुकको वर्गचरित्र पुँजीपति नै छ । समाजवाद भन्नेहरू नै कतिपय पुँजीपति वर्गमा पर्छन् । नपरेकाहरू समेत ती वर्ग-चरित्रसँग सामिप्यता राख्दै आएका छन् । दिनभरी कार्यकर्तालाई समाजवादको पाठ सिकाउने, रात परेपछि पुँजीपतिहरूसँग मोलमोलाई गर्ने धेरै नेतालाई चिनेकै छौं । पुँजीवादीहरूकै अधिनमा नेताहरू चल्दै आएका छन् । दलाल पुँजीपतिहरूको बलियो सञ्जाल : विश्व असमानता इन्डेक्स २०२१ ले नेपालको पुँजी १० प्रतिशत दलालहरूको हातमा ७६ प्रतिशत छ भन्ने देखाउँछ । मध्यवर्गमा १६ प्रतिशत र बाँकी ८ प्रतिशत सर्वसाधारणले आम्दानी गरिरहेको तथ्यांक छ । त्यही पुँजी बजारमा नछरेसम्म वा उत्पादनमा लगानी नभएसम्म रोजगारी सम्भव छैन । स्वास्थ्य र शिक्षा क्षेत्रमा त यस्तो हवितग छ भने विशुद्ध नाफा कमाउन खोलिएका ठूला कम्पनी सञ्चालकहरूले मध्यम वर्ग वा निम्न वर्गका हितमा किन पुँजी छर्लान् ? खासमा धेरै सरकारी संरचनालाई सर्वसाधारणमा लैजानुपर्ने हुन्छ, जुन गर्न, गराउन यथास्थितिवादी कर्मचारी प्रशासन संयन्त्र तयार हुनेछैन । वरु यसविरुद्धका सबै हर्कत गर्न सम्बन्धित निकाय तयार हुन्छ । समाजवादी वर्गको निर्माण कठिन : समाजवाद स्थापनाका लागि क्रान्ति गर्ने आँट भएका विशाल वर्गको निर्माण हुनुपर्छ, जुन अहिले सम्भव छैन । 'मै खाऊँ, मै लाऊँ, सुखसयल मोज म गरुँ' भन्ने नेतृत्व रहिरहँदासम्म यो सम्भव छैन । यस्ता अनेक बेथितिविरुद्ध सिंगो वर्ग तयार हुनुपर्छ । त्यो बहुसंख्यक जनमत तयार पार्न इमान्दार नेताहरूको सामूहिक अठोट चाहिन्छ । निष्कर्ष : तथापि, सबैभन्दा सुन्दर र प्रगतिशील विचार भनेको समाजवाद नै हो । यसकारण फेरि पनि अबको विकल्प त समाजवाद नै हो । यस्तो समाजवादी व्यवस्थामा गैरपुँजीपति वर्गद्वारा नियन्त्रित शासन हुन्छ, त्यसले जनताका लागि काम गर्छ भने राज्यका स्रोत र स्वामित्व जनताको अपनत्व र सत्तामा साझेदारी हुन्छ । राज्यका उत्पादनका संरचनाहरूमा जनताको अपनत्व हुन्छ । भोलि हाम्रो टेलिकम, विद्युत् प्राधिकरण, खाद्य संस्थान वा अन्य सरकारी संरचनामा सिधै जनताको लगानी र सुरक्षा हुन्छ । त्यसबेला जमिनहरू साझा हुन्छन्, उत्पादनका साधनहरू चलायमान हुन्छन् र बजारहरू गतिशील बन्छन् । बजारले सिर्जना गरेको नाफाबाट जनता लाभान्वित हुनेछन् । यसरी, नागरिकको स्रोत, आम्दानी तथा पुँजीमा एकरूपता आउँछ । कसैले कसैको डाहा, इगो र रिसिबी गर्ने आवश्यकता पर्दैन । कसैले कसैलाई हेलाहोचो गर्ने अवस्था रहनेछैन । शिक्षा, स्वास्थ्य, पानी सबै निःशुल्क हुन्छ । प्रत्येक नागरिकले श्रम गर्नैपर्ने हुन्छ । हामीले खोजेको राज्य संरचना र व्यवस्था यही नै हो ।

*–अन्नपूर्ण*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

चंखेली गाउँपालिका
हुम्ला

# सहज यातायातको व्यवस्था मिलाउन निर्देशन



• नमस्ते समचारदाता
सुर्खेत, असोज/०८

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले नागरिकलाई सहज हुने गरी यातायातको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले वीरेन्द्रनगरमा सुरक्षा निकाय, यातायात व्यवसायी तथा यातायात क्षेत्रसँग सम्बन्धित सरोकारवालासँग गरेको छलफल कार्यक्रममा उहाँले यातायात क्षेत्रलाई जति प्रतिस्पर्धी बनायो त्यति नै नागरिकले सेवा पाउने हुँदा नागरिकलाई सुविधा हुने गरी यातायात क्षेत्रलाई प्रतिस्पर्धी बनाउन पनि व्यवसायीलाई सुझाव दिनुभयो । कार्यक्रममा मुख्यमन्त्री कँडेलले सुरक्षा जाँचलाई थप सहज बनाउन पनि निर्देशन दिनुभएको छ । उहाँले भन्नुभयो, 'तपाईंहरूले आवश्यकताका आधारमा जहाँ पनि जाँच गर्न सकिन्छ तर आवश्यकता नदेखिएको ठाउँमा जाँच गर्ने कुराले यात्रुले अनाहकमा दुःख पाउँछन् त्यसलाई कसरी हो सुधार्नेतर्फ ध्यान दिनुहोला ।' कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले नगर क्षेत्रको पार्किङ व्यवस्थापनलाई नयाँ तरिकाले सम्बोधन गर्न लागिएको बताउनुभयो । उहाँले बजारको चाप बढेसँगै अहिलेको पार्किङको व्यवस्था साँघुरो हुने हुँदा यसलाई व्यवस्थित गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । कर्णाली प्रदेश प्रहरी कार्यालयका निमित्त प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र भट्टले अरू बेलाभन्दा चाडबाडका बेला दुर्घटनाको जोखिम बढी हुने भएकाले प्रदेश प्रहरी कार्यालयले नियमितसँगै चाडबाडलक्षित सडक सुरक्षा बनाएको बताउनुभयो । कर्णाली प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अपिलराज बोहरा एक जना प्रहरीले ३८ किलोमिटरसम्म हेर्नुपर्ने बताउँदै जनशक्ति र साधन स्रोतको अभाव भएको उल्लेख गर्नुभयो ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला


# दाङमा लुम्बिनी प्रदेश सरकारको प्रशासनिक भवन निर्माण तीव्र

• नमस्ते समचारदाता
दाङ, असोज/०८



लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङमा अहिले लुम्बिनी प्रदेश सरकारले प्रशासनिक केन्द्र निर्माणको काम धमाधम भइरहेको छ । राप्ती उपत्यका देउखुरीमा एउटै भवन परिसरबाट प्रदेशको सम्पूर्ण प्रशासनिक कामकाज अघि बढ्ने छ । मन्त्रालय, विभाग, निर्देशनालयहरू, मातहतका अन्य कार्यालयहरूले एकै थलोबाट सेवा प्रवाह गर्नेछन् । यसलाई प्रदेश सरकारले गौरवको आयोजनाको रूपमा राखेको छ । विसं २०७९ फागुन ३ गते लुम्बिनी प्रदेश सरकार स्थापना दिवसको अवसर पारेर शिलान्यास गरिएको भवनमा काम अहिले धमाधम चलिरहेको र केही भवनको निर्माणको अन्तिम चरणमा रहेको प्रदेशमा भौतिक पूर्वधार मन्त्री भुमिश्वर ढकालले बताए । हालसम्म ५६ प्रतिशत भौतिक र ४५ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । अबको एक वर्षभित्र प्रदेश सरकारलाई भवन हस्तान्तरण गर्नेगरी निर्माणको काम भइरहेको बताए । करिब १९ विगाह क्षेत्रफलमा प्रदेशको प्रशासनिक केन्द्र फैलिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले समयमै निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन समेत दिएका छन् । एउटै हाताभित्र निर्माण हुने सरकारका प्रशासनिक भवन मुलुककै नमुनायोग्य हुने र यसले प्रदेशको प्रशासनिक कामकाजलाई नयाँ उचाइमा पुर्याउने विश्वास व्यक्त गरेका छन् । राप्ती उपत्यका देउखुरीस्थित प्रदेश राजधानीलाई मुलुककै उत्कृष्ट र व्यवस्थित बनाउन सरकारका प्रशासनिक भवनलाई नमुना बनाउने गरी निर्माण कार्यलाई अगाडि बढाइएको हो । ३ अर्बमा शर्मा सगन जेभी कम्पनीले भवन निर्माणको काम गरिरहेको हो ।

# बालविवाह कायमै समाजमा कानुनभन्दा परम्परा बलियो

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०८




कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कानुनभन्दा अन्धविश्वास र परम्परागत मूल्यमान्यता बलियो हुँदा कर्णालीमा बालविवाह न्यूनीकरण चुनौतीपूर्ण रहेको बताउनुभएको छ । उहाँले कानुनी रूपमा बालविवाह अपराध मानिए पनि विभिन्न समुदायमा परम्परागत मूल्य मान्यताले गर्दा बालविवाह कायमै रहेको र जसका कारण न्यूनीकरणमा चुनौती थपिएको जनाउनुभयो । सामाजिक विकास मन्त्रालयले विभिन्न साझेदार सङ्घ/संस्थाको समन्वयमा सोमबारदेखि आयोजित कर्णाली प्रदेशमा बालविवाह न्यूनीकरणका असल अभ्यास सङ्कलनसम्बन्धी दुईदिने कार्यशाला को उद्घाटन गर्दै सो कुरा बताउनुभएको हो । उहाँले कर्णालीमा विगतको भन्दा सुधार आए पनि अझै पनि अन्धविश्वास र परम्परागत मान्यताका कारण बालविवाह कायमै रहेको बताउनुभयो । उहाँले बालविवाह न्यूनीकरणका लागि विभिन्न सङ्घ/संस्थाले थालेको अभियानलाई समर्थन गर्दै त्यस्ता अभियानमा सरकारी निकायसँग समन्वय गर्न पनि सुझाव दिनुभयो । यस्ता अभियानले आगामी दिनमा बालविवाह न्यूनीकरणमा सुधार आउने अपेक्षा व्यक्त गर्दै मुख्यमन्त्री कँडेलले एक्लाएक्लै नगई सामूहिक रूपमा समन्वय गरेर अगाडि बढे सबैले सोचेको लक्ष्य प्राप्ति गर्न सकिने उल्लेख गर्नुभयो । कार्यशाला बाट आएका असल अभ्यास सङ्कलन गरी प्रदेश सरकारलाई बुझाउन पनि उहाँले आग्रह गर्नुभयो । बालविवाहविरुद्धको साझा अभियान सञ्जालका प्रदेश संयोजक पवित्रा शाहीले कर्णालीमा बालविवाह बढ्दै गएपछि १०७ वटा सङ्घ/संस्था एकै ठाउँमा उभिएर बालविवाह विरुद्धको साझा अभियान थालिएको बताउनुभयो । अहिले कर्णालीका ३० वटा पालिकामा यो बालविवाह न्यूनीकरण अभियान सञ्चालन गरिएको र त्यहाँ बालविवाहविरुद्ध नीति तथा कार्यक्रम बनाएर सचेतना अभियान थालिएको उहाँको भनाइ छ । यस अभियानले बालविवाह न्यूनीकरण हुने दाबी गर्दै उहाँले बालविवाह अन्त्य नहुने बेलासम्म सञ्जाल सक्रय रहने उल्लेख गर्नुभयो । सामाजिक विकास मन्त्रालयका सचिव दीर्घबहादुर पोखेलले कर्णालीको समृद्धिको बाधकका रूपमा बालविवाह पनि एक भएको औंल्याउनुभयो । उहाँले सरकारी तथा गैरसरकारी निकायले संयुक्त रूपमा थालिएको न्यूनीकरण अभियानले सफलता प्राप्त गर्ने दाबी गर्दै आगामी दिनमा कर्णालीको बालविवाह न्यूनीकरणका कारण अवस्थामा सुधार आउने उल्लेख गर्नुभयो । सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख अनिता ज्ञवालीले कर्णालीमा बालविवाहका अवस्थाबारे प्रकाश पार्दै कर्णालीमा बालक भन्दा बालिकाले बढी बालविवाह गर्ने गरेको जनाउनुभयो । उहाँले कर्णालीमा २० वर्षमुनिका २०.५ प्रतिशत बालविवाह हुने गरेको बताउनुभयो । जसमा बालक १२.१ प्रतिशत र बालिकामा २७.४ प्रतिले बालविवाह गर्ने गरेका छन् । उहाँले कर्णाली प्रदेशले बालविवाह विरुद्धको प्रादेशिक रणनीति तयार गरिसकेको जनाउनुभयो । कर्णालीलाई बालविवाह, छाउपडीमुक्त प्रदेश बनाउनका लागि प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटको व्यवस्थासमेत गरिसकेको जानकारी उहाँले दिनुभयो ।


जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# बाँकेमा हुण्डी कारोबारमा संलग्न दुईजना पक्राउ



• नमस्ते समचारदाता

बाँके, असोज/०८

बाँके प्रहरीले हुण्डी कारोबारमा संलग्न दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा, नेपालगंज उप-महानगर पालिका वडा नं.४ गणेशपुर बस्ने मोहम्मद कादिर सिद्दिकी र मोहम्मद हबिब सिद्दिकी रहेका छन् । नेपालगन्ज उप-महानगर पालिका वडा नं.४ गणेशपुर स्थित मोहम्मद कादिर सिद्दिकीलाई तलासी गर्ने क्रममा निजले बोकेको कालो झोलाबाट नेपाली रूपैयाँ नौ लाख र मोहम्मद हबिब सिद्दिकीको घरमा तलासी लिंदा निजको घरबाट नेसात लाख दस हजार दुई सय पचपन्न र भारतीय रुपैयाँ उनान्साठी हजार पाँच सय र बिभिन्न बैंकमा बिभिन्न ब्यक्तिका नाममा जम्मा गरेका बैंक भौचरहरू लगायत बैंकका टोकनहरू समेत बरामद गरेको प्रहरीले जनाएको छ। दुवैजनालाई पक्राउ गरी आवश्यक अनुसन्धान एवं कारवाही प्रक्रिया अगाडी बढाईएको प्रहरीले जनाएको छ।

## लुम्बिनीका मुख्यमन्त्री भन्छन्

# ‘भ्रष्ट्राचार नियन्त्रण गर्न नेतृत्वमा ईमान्दारिता चाहिन्छ’

• नमस्ते समचारदाता

बुटवल, असोज/०८




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न नेतृत्व तहबाटै सुरु गरिएको बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय राप्ती उपत्यका देउखुरीले मंगलबार बुटवल उपमहानगरपालिकाको सभाहलमा आयोजना गरेको सुशासन प्रबर्द्धन तथा भ्रष्ट्राचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा माथिको छलफल कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न राजनीतिक नेतृत्वमा ईमानदारीता आवश्यक पर्ने बताएका छन् । ‘रानीतिक नेतृत्व सच्चिन र सुनि जरुरी छ । नियत बेठिक छैन भने व्यूरोक्रायटले पनि साथ दिन्छ । मैले साथ पाईरहेको छु । जुन कार्ययोजना अघि बढाएको छु, त्यसमा मैले पूर्ण साथ सहयोग पाएको छु। उत्साह बढिरहेको छ’ उनले भने । आफु नेतृत्वको वर्तमान सरकारले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न केही गरेर देखाउन खोजेको बताए । नागरिक तहमा बढ्दै गएको निरासालाई आशामा बदल्नेगरी प्रदेश सरकारले सुधारका कामहरु अघि बढाएको बताए । प्रमुख सचिव महादेव पन्थको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा गुल्मी, पाल्पा, अर्घखाँची, रुपन्देही, नवलपरासी पश्चिम, कपिलवस्तुका जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका जनप्रतिनिधि, उद्योगी, व्यवसायी लगायत सरोकारवाला पक्षको सहभागिता थियो । लुम्बिनी प्रदेश सरकारले सुशासन प्रबर्द्धन तथा भ्रष्ट्रचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा माथि छलफल सुरु गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले पहिलो निर्णयको रुपमा सुशासन तथा भ्रष्ट्राचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको प्रस्तावलाई स्वीकृत गर्नु भएको थियो । अहिले सोही कार्ययोजनाको मस्यौदामाथी सरोकारवाला पक्षसंग सुझाव संकलन गर्न थालिएको हो ।

# खजुरामा बालिका शिक्षा कार्यक्रम प्रभावकारी बन्दै



• नमस्ते समचारदाता

बाँके, असोज/०८

बाँके जिल्लाको खजुरा गाउँपालिकामा बालिका शिक्षा कार्यक्रम प्रभावकारी बन्दै गएको छ। खजुरा गाउँपालिका वडा नं.५ मा रहेको श्री भानु माविमा जलवायु न्याय क्लबमा आबद्ध बालिकाहरूको क्षमता मापन तथा कार्यक्रमको प्रभावकारिताका विषयमा पालिका स्तरीय अनुगमन गरिएको छ । अध्यक्ष डम्मर विक ‘तुफान’ले भानु माबिका बालिकाहरूमा आएको परिवर्तनले निकै खुसी भएको बताउँदै भने, ‘बालिका शिक्षा कार्यक्रमले बालिकाहरूको ज्ञान, सीप र जीवन शैलीमा उल्लेख्य परिवर्तन आएको छ।’ अध्यक्ष बिकले अहिलेका बालिकाहरू भोलीको नेतृत्वदायी भूमिकामा रहने भएकाले मधेशी र मुस्लिम समुदायको बाहुल्यता रहेको उक्त विद्यालयका बालिकाहरूमा आएको परिवर्तनले अभिभावकहरूमा समेत छोरीलाई पढाउनु पर्छ भन्ने भावनाको बिकास हुँदै गएको जिकिर गरे । बालिका शिक्षा कार्यक्रमलाई कसरी नियमित गर्न सकिन्छ भन्ने विषयमा पालिकाले समेत आवश्यक योजना बनाइरहेको अध्यक्ष विकले उल्लेख गरे। खजुरा गाउँपालिका शिक्षा शाखा प्रमुख खगेन्द्र बहादुर मल्लले जलवायु परिवर्तन सम्बन्धी विषयमा बालिकाहरू स्पष्ट रहेको बताए । भानु माबिका शिक्षक बुद्धिराम महतोले मुस्लिम र मधेशी समुदायका बालिकामा आएको परिवर्तन उदाहरणीय रहेको बताउँदै उनले भने, ‘मैले यति सम्म परिवर्तन आएको होला भन्ने सोचेको थिएन अनुगमनको क्रममा बिद्यार्थीहरुले दिएको जवाफले उत्साहित भएको छु।

# कञ्चनपुर कारागारमा क्षमताभन्दा बढी कैदी

• नमस्ते समचारदाता

कञ्चनपुर, असोज/०८




कञ्चनपुर जिल्ला कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीलाई र ाखिँदा व्यवस्थापनमा चुनौती देखिएको छ । महिला र पुरुषका लागि १२५ जना बन्दी राख्ने क्षमता भए पनि कारागारमा क्षमताभन्दा बढी ५३४ कैदीबन्दी राखिएको छ। अहिले कारागारमा १४ महिला र ५२० पुरुषलाई राखिएको कारागार कार्यालयका प्रमुख मायाकुमारी बस्नेत थापाले जानकारी दिइन् । कैदीबन्दीका लागि बस्नका लागि ठाउँ नहुँदा ‘ग्यालरी’ लगायतका खाली ठाउँमा बस्नुपर्ने बाध्यता रहेको छ । कारागारमा सबैभन्दा बढी लागुऔषध मुद्दाका कैदी अधिक छन् । ‘पछिल्लो सयम लागुऔषध मुद्दाका कैदी धेरै आउने गरेका छन्’, कारागार प्रमुख थापाले भनिन्, ‘अहिले आठजना महिला गरी २०६ जना लागुऔषध मुद्दाका कैदी कारागारमा छन् ।’ उनले जिल्ला कारागारमा जग्गा पर्याप्त भए पनि बन्दीका लागि भौतिक संरचना र ढल निकासको व्यवस्था नहुँदा समस्या भएको बताइन् । कारागारमा ठाउँ अभावकै कारण कैदीबन्दीले कारखानासमेत सञ्चालन गर्न नसकेको प्रशासनले जनाएको छ । ‘बन्दीहरुले आफ्नो सीप अनुसारका विभिन्न सामग्री बनाएर बिक्री गर्ने गर्छन्’ , उनले भनिन्, ‘त्यसका लागि पर्याप्त ठाउँ नहुँदा समस्या हुने गरेको छ ।’ उनका अनुसार कन्दीहरुले कुर्सी, टेबललगायत सामग्री बनाउने गरेका छन् । त्यसैगरी, गत भदौमा कारागारले सरकारको निर्णयअनुसार १४ जना कैदीको ३३ प्रतिशत कैद मिनाहा गरेको छ। लागुऔषध र वन्यजन्तु मुद्दाका कैदीलाई सरकारले ३३ प्रतिशत कैद मिनाहा गरेको कारागार प्रशासनले जनाएको छ। कारागार मा लागुऔषध, महिला हिंसा, चोरी, ठगी, जबरर्जस्तीकरणी, ज्यान मार्ने उद्योगलगायत अन्य मुद्दाका कैदीलाई राखिएको छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके